# भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना
# तेश्रो चरण
# (२०६६/६७–२०६९/७०)

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
असार, २०६६

# Scan copy Peste

# भूमिका

भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना (२०६६/०६७ - २०६९/०७०) अन्तर्राष्ट्रिय संघसस्थाहरु र निकायहरुबाट विगतका वर्षहरुमा अनवरत प्राप्त सुभ्कावहरुका साथै भन्सार प्रशासनका पदाधिकारीहरुबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार पारिएको हो ।

विगत देखि, खासगरी वि.सं.२०६० साल देखि अन्तर्राष्ट्रिय दातासमुहहरु र संस्थाहरुद्धारा नेपालको भन्सार प्रशासनलाई सुधार तथा आधुनिकीकरणको वाटोमा अगाडि वढाउने उद्देश्यले विद्यमान व्यवस्थाको पुनरावलोकन गरी सल्लाह एवं सुभ्कावहरु प्राप्त हुदैं आएका छन् ।

अन्तर्राष्ट्रिय समुहहरुले दिएका सुभ्काव तथा सल्लाह समेतको आधारमा पहिलो प्रयास स्वरुप आर्थिक वर्ष २०६०/०६१ देखि आर्थिक वर्ष २०६२/०६३ सम्म प्रथम चरण र आर्थिक वर्ष २०६३/०६४ देखि आर्थिक वर्ष २०६५/०६६ सम्म दोश्रो चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजनाहरु कार्यन्वयन गरिए । यी योजनाहरु भन्सार प्रशासनलाई भन्सार सुधार तथा आधुनिकि करणको चरणमा अग्रसर गराउने र बर्तमान कार्य योजनाको पथप्रदर्शकको रुपमा रहेका छन् ।

यस कार्य योजनाको विकास गर्ने सन्दर्भमा ठोस थालनी वि.सं.२०६३ मा विश्व भन्सार संगठनको एशिया प्यासिफिक क्षेत्रको क्षमता विकाससम्वन्धी क्षेत्रीय कार्यालयले तयार गरेको नेपालको भन्सार प्रशासन सम्बन्धी अन्वेषणात्मक अध्ययन प्रतिवेदनबाट भएको हो, जुन प्रतिवेदनको आधारमा पछि सोही संस्थाबाट कार्ययोजना विकास गर्न एक कार्यशालाको आयोजना गरियो । त्यस पछि कार्य योजनालाई अन्तिम रुप दिने क्रममा वि.सं.२०६५/०६६ मा अन्तर्राष्ट्रिय मुद्राकोषले वृहत योजना तर्जुमा गर्ने उद्देश्यले भन्सार व्यवस्थापन लगायत विभिन्न क्षेत्रहरुमा प्रदान गरेको प्राविधिक सहयोग समेत कार्ययोजना तर्जूमाको आधारका रुपमा रहेकोछ ।

योजनाको समग्र लक्ष प्राप्तीमा सहयोग पुऱ्याउने उद्देश्यले भन्सार सुधार तथा आधुनिकिकरण कार्य योजना २०६६/६७ -२०६९/०७० तयार गर्नु पूर्व कार्ययोजनाको उद्देश्य र क्रियाकलापहरु लक्ष्य अनुकूल बनाउन सर्वप्रथम यसको सोच, लक्ष र मुख्य रणनीतिहरु स्पष्ट पारि रणनीतिक विवरणहरु पुनरावलोकन र पुनर्लेखन गरियो । तत् पश्चात्, अन्तर्राष्ट्रिय समुहहरुवाट प्राप्त पूर्व प्रतिवेदनहरुको पुनरावलोकन गरी आधुनिकीकरण सम्वन्धी कार्य योजनामा ती सबै महत्वपूर्ण सुभ्कावहरुलाई समेटने पक्षमा ध्यान पुऱ्याइयो ।

यो कार्य योजना विगतका प्रयासहरु भन्दा वढी व्यवस्थित र रणनीतिहरुमा केन्द्रित भएकोले विगतका योजनाहरु भन्दा वढी सान्दर्भिक भै आगमी वर्षहरुमा सुधारको मार्गदर्शकका रुपमा उपयोगी हुनेछ भन्ने कुरामा भन्सार विभागले विश्वास लिएको छ ।

**दूरदृष्टि** : (संगठनको लक्षित भविष्य प्रतिको हाम्रो धारणा)

अन्तर्राष्ट्रिय स्तरको उच्च र गुणस्तरीय पेशागत भन्सार सेवा प्रदान गरी राष्ट्रको आर्थिक एवं समाजिक उत्थानमा टेवा पुऱ्याउने,

**लक्ष्य** : (हाम्रो संगठनको आधारभुत उद्वेश्य)

बैधानिक व्यापारलाई प्रवद्धन र सहजिकरण गर्दै समाजिक सुरक्षा एवं राजस्वको संकलन गर्ने,

**मूल्य एवं मान्यताः** ( कर्मचारीहरुबाट आशा गरिएको व्यवहार र नैतिकता)

व्यापारिक समूदाय, राज्यका अन्य संगठनहरु र जनसमुदायसंग हाम्रो सम्बन्ध निम्न कुराहरुमा आधारित हुनेछ :

- आपसी सद्भाव
- समानता
- सत्यनिष्ठा र इमान्दारिता
- पारदर्शिता र
- शिष्टाचार, समर्पण तथा उत्कृष्टता

**रणनीति** : ( यस विभागको व्यापक वा उच्चस्तरको अवधारणा, जसमाथि संगठनले आफ्नो दूरदृष्टि प्राप्त गर्नको लागि ध्यान केन्द्रित गर्नेछ ।

१. वैद्यानिक उद्योग र व्यापारलाई सहजीकरण गर्ने ,

२. समाजको सुरक्षा गर्ने र नियम कानूनको परिपालना गराउने

३. राज्यले पाउनु पर्ने सम्पूर्ण राजश्व संकलन गर्ने

४. सूचनाको भण्डारको विकास गर्नुका साथै आयात र निर्यात तथ्याङ्क संकलन र प्रशोधन गर्ने,

५. भन्सार प्रशासन, व्यवस्थापन र संगठनको आधुनिकिरण र विकास गर्ने,

६. भन्सार प्रशासनमा सत्यनिष्ठाको संस्कृति विकास गर्ने र भ्रष्ट्राचारलाई परास्त गर्ने आधारहरु पहिचान गर्ने ,

७. भन्सारका सम्पर्ण प्रकृयाहरुलाई अधिकतम स्वचालित गर्ने

८. विमानस्थल तथा सीमावर्ती भन्सार कार्यालयहरुमा सुधारिएको र प्रभावकारी यात्रु जाँचपास प्रणाली स्थापना गर्ने

९. भन्सारका गतिविधिहरुलाई आन्तरिक र वाह्य स्तरमा प्रवाह गरी सरोकारबालाहरुवीच आपसी सहयोगात्मक भावना अभिवृद्धि गर्ने

## कार्यन्वयन रणनीति :

नेपालको भन्सार प्रशासनले मुख्य रुपमा निम्न दुई वटा व्यवस्थापनका कुञ्जीलाई उपयोग गर्ने छ :

१. भन्सार प्रशासनको प्रत्येक क्षेत्रहरुको कृयाकलापमा लक्षित उद्धेश्य सहितको दीर्घकालीन रणनीतिक योजना तयार गरिने छ , यस अन्तर्गत बार्षिक योजना तयार गरिने छ जसमा सो वर्ष सम्पन्न गरिने कृयाकलापहरुको विशिष्ट र समयबद्ध ब्याख्या तथा कार्यसंपादन मापन र उत्तरदायित्वको किटानी समावेश हुनेछ ।

२. संभावित लक्ष्य प्राप्त गर्न  नसकिने जोखिमलाई प्रारम्भिक चरणमा नै पहिचान गरी निदान गर्नको लागि योजनाको निरन्तर अनुगमन गरिने छ ।

## रणनीति १: वैज्ञानिक उद्योग र व्यापारलाई  सहजीकरण गर्ने

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित समय | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| *१.१* | ***मालवस्तुको निकासी पैठारीमा सहजीकरण तथा सुधार गरी कानुनी व्यवस्थाको स्वेच्छिक परीपालनालाई प्रोत्साहित गर्ने ।*** | १. अन्तरष्ट्रिय सम्मेलनहरुमा भएका सहमति, सन्धी सम्झौताहरुको अध्ययन गरी सो अनुसारका प्रावधानहरुलाई निकासी पैठारीको आधारको रुपमा लिने । | १. अध्ययन र प्रयोग | २०६६/२०६७ | निर्देशक, भन्सार सुधाार तथा आधुनिकीकरण शाखा |
| | | २. निकासी पैठारी सम्बन्धी भन्सार जांचपास प्रकृयाहरु संशोधित क्यूटो संझौतामा उल्लेखित प्रावधानवमोजिम पुर्नसंरचना गर्ने :<br>● अभिलेख<br>● आवश्यक सूचना तथा तथ्यांक<br>● प्रकृयाहरु<br>● जोखिमको अभिलेखन, जोखिम विश्लेषण,अधिकांश वैध कन्साईनमेन्टहरु न्युनतम अवरोध र समय भित्र रहेर जांचपास गर्ने । | १. संशोधित क्वोटो कन्भेन्सन अनुसार प्रकृयाहरुको पुनरावलोकन सम्पन्न गरी प्रतिवेदन र सुझाव  प्रस्तुत गर्ने । | २०६६/०६७ | निर्देशक, भन्सार सुधाार तथा आधुनिकीकरण शाखा /UNCATD |
| | | ३. आसिकुडासहितको निर्देशिका तयारी तथा कर्मचारीलाई तालिम र व्यापारी वर्गलाई प्रशिक्षण प्रदान गर्ने । | १. निर्देशिका  तयार गरिएको तथा तालिम/ प्रशिक्षण प्रदान गरिएको । | २०६६/०६७ | निर्देशक, भन्सार सुधाार तथा आधुनिकीकरण शाखा/UNCATD/ निर्देशक महसूल |
| | | ४. संशोधित कार्य प्रणाली र प्रकृयाको लागि आवश्यकता अनुसार आसिकुडा प्रणालीमा सुधार गरीने । | १. उल्लेख भए बमोजिम आसिकुडा प्रणाली संशोधन र स्वीकृत गरी लागु भएको  । | २०६६/०६७ | निर्देशक, सूचना प्रविधि शाखा  /UNCATD |
| | | 5. परिक्षणको रुपमा  त्रिभूवन विमानस्थल भन्सार र सुख्खा बन्दरगाह सिंसियामा विद्युतिय जाँचपास प्रणालीको पूर्ण  प्रयोग गर्ने | १. परिक्षण प्रयोग र सो को मूल्यांकन सम्पन्न भएको । | २०६६/०६७ | निर्देशक, भन्सार सुधाार तथा आधुनिकीकरण शाखा, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६. पारवहन, घोषणा, गोदाम व्यवस्था र प्रतिवेदन लगायतका अन्य महत्वपूर्ण मोड्यूलहरुको मुल्यांकन तथा पुनरावलोकन गरी विशिष्ट प्रकृया पहिचान गरी कार्यान्वय गर्ने । | १. पुनरावलोकन तथा मूल्यांकन सम्पन्न भएको ।<br>२. आवश्यक भएमा दाता सहयोगको लागि सहमत भएको । | २०६७/०६८ | निर्देशक, भन्सार सुधाार तथा आधुनिकीकरण शाखा, |
| | | ७. मुख्य भन्सार कार्यालयहरुमा प्रयोगशाला, वैक, क्वारेन्टाइन कार्यालय र हेल्प डेक्स को स्थापनाको सम्भाव्यता अध्ययन र लाभ लागत विश्लेषण सम्पन्न गर्ने । | १. विश्लेषण सम्पन्न भएको, प्रतिवेदन र नतिजा प्रस्तुत भएको। | २०६६/०६७ | निर्देशक, प्रयोगशाला शाखा र निरिक्षण शाखा |
| | | ८. निकासी पैठारी प्रकृयाको आवधिक समिक्षा सम्पन्न गर्ने । | १. आवधिक समिक्षा सम्पन्न भएको । | वार्षिक रुपमा बजेट वक्तव्य अगाडी | निर्देशक, भन्सार सुधाार तथा आधुनिकीकरण शाखा |

# रणनीति २. समाजको सुरक्षा गर्ने र नियम कानूनको परिपालना गराउने

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित मिति | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| २.१ | राष्ट्रको अहित हुने राजस्वको चुहावट, तस्करी, नक्कली वस्तुको व्यापार र व्यापार तथा वौद्धिक सम्पतिको चोरी रोक्नको लागि गैरकानूनी सिमा व्यापार निणन्त्रणमा सुधार गर्ने । | १. सिमा गस्तीको संख्या प्रभावकारी स्तरमा वृद्धि गर्नको लागि आवाश्यक न्यूनतम साधन निर्धारण गर्ने प्रयोजनको लागि समिक्षा सम्पन्न गर्ने । | १. गस्तीको संख्या तथा सो वाट भएको सामान जफत तथा अतिरिक्त राजस्वको प्राप्त भएको । | २०६६/०६७ | निर्देशक, निरिक्षण शाखा |
| | | २. क्षेत्रिय राजस्व अनुसंधान कार्यालय, स्थानिय निकायहरु, सिमावर्ती निकायहरुको विचमा समन्वय बृद्धि गर्ने। | १. विभिन्न सस्थाहरुसंग भएको वैठक तथा प्रगति समिक्षा प्रतिवेदन र सम्झौताहरुको कार्यान्वयन | निरन्तर | प्रमुख भन्सार अधिकृतहरु |
| | | ३. सम्बन्धित सवै निकायहरुलाइ अन्तर्राष्ट्रिय रुपमा उत्तम मानिएका भन्सार प्रकृयाहरु मध्ये जोखिममा आधारीत भन्सार प्रकृयावाट पैठारी तथा निकासी सम्बन्धी कार्यहरु सम्पन्न भएको कुरामा विश्वस्त गराउने । | १. स्पष्ट कार्यगत नमूनाको विकास गरी कार्यन्वयन भएको कुरा सवै निकायहरुलाई जानकारी भएको । | २०६६।०६७ | निर्देशक, निरिक्षण शाखा |
| | | ४. शंकास्पद चोरी पैठारी वस्तुहरुको संग्रहस्थानहरुको खोजी तथा छापामार्ने कार्यमा विस्तार गर्ने । | १. छापामारिएको संख्या तथा सो वाट भएको जफतको परिमाणसहित अतिरिक्त राजस्व प्राप्त विवरण र कूल गोदाहरुको सख्यामा केही प्राप्तनभएको गोदामहरुको प्रतिशत तुलना । | २०६६।०६७ | निर्देशक, निरिक्षण शाखा |
| | | 5 Review the need to form a separate Customs Security force under the Customs Chief command. | 1. Review with recommendations submitted. | २०६६।०६७ | निर्देशक, निरिक्षण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.भन्सार प्रमुखको अधिनमा रहने गरी वेग्लै भन्सार सुरक्षा बलको गठनको आवश्यकताको विश्लेषण गर्ने । | विश्लेषण सम्पन्न गरी सुझावहरु प्रस्तुत गरिएको । | | |
| | | ६. मुख्य मुख्य भन्सार कार्यालयहरुमा जासुसी इकाईको स्थापना गर्ने । | १. कार्य विवरण तयार भएको, काम अनुसारको कर्मचारी पहिचान भएको तथा तालिम कार्यक्रम आयोजना भएको । | २०६६।०६७ | निर्देशक, प्रशासन शाखा |
| | | ७. गोप्य प्रत्यक्ष संचार प्रणाली स्थापना गर्ने । | १. गोप्य प्रत्यक्ष संचार प्रणाली स्थापना भएको । | २०६६।०६७ | निर्देशक, निरिक्षण |
| | | ८. केन्द्रीय तहमा दौडाहा टोली स्थापना गर्ने । | १. दौडाहा टोली स्थापना भै सो को कार्यविवरण तयार भएको । | २०६६।०६७ | निर्देशक, निरिक्षण |
| | | ९. सिमापारिका भन्सार कार्यालयसंग अन्तर सिमा वैठक आयोजना गर्ने । | १. बैठकको निर्णय पुस्तिका प्रस्तुत भएको । | २०६६।०६७ | निर्देशक, निरिक्षण, प्रमुख भन्सार अधिकृतहरु |
| | | १०. बौद्धिक संपत्तिको चोरी, नक्कली वस्तु,नक्कली मुद्रा, अबैध औषधिको कारोवार नियन्त्रण गर्नको लागि प्रभावकारी संयन्त्रको स्थापना गर्ने । | १. सवै सरोकारवाला निकाय संलग्न भएको संयूक्त समितिको गठन भएको ।<br><br>२. आन्तरिक र वाह्य निकायहरु वीच नियमित सूचना आदानप्रदानको शुरुवात भएको । | २०६६।०६७ | निर्देशक, निरिक्षण |
| **2.2** | राजस्व अपचलन र तस्करीको सामना गर्न उच्च जोखिमका क्षेत्रमा राजश्व सशस्त्र प्रहरीको परिचालन गर्ने । | १. संवेदनशील क्षेत्रहरुको पहिचान गर्न टोली गठन गर्ने । | १. संवेदनशील क्षेत्रहरुको पहिचान गर्न टोली गठन गरिएको । | २०६६।०६७ | निर्देशक, निरिक्षण |
| | | २. संवेदनशील क्षेत्रहरुको प्राथमिकताक्रम निर्धारण गर्ने । | संवेदनशील क्षेत्रको पहिचान तथा प्राथमिकताक्रम निर्धारण गरिएको । | २०६६।०६७ | निर्देशक, निरिक्षण |
| | | ३.सशस्त्र बलको लागि अभिमुखीकरण एवं तालिम कार्यक्रम संचालन गर्ने । | १. संचालन गरिएको अभिमूखिकरण (तालीम) कार्यक्रमको संख्या । | २०६६।०६७ | निर्देशक, निरिक्षण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४. संवेदनशील क्षेत्रमा सशस्त्र राजस्व बल परिचालन गर्ने । | १.सशस्त्र राजश्व बलको परिचालनको निरन्तरता र पटक । | २०६६।०६७ | निर्देशक, निरिक्षण |
| | | ५. सुरक्षा बलको परिचालनको मूल्याङ्कन गर्ने । | १. राजस्व घोषणमा वृद्धि, भन्सार नाकामा हुने तस्करीको पहिचान संख्यामा वृद्धि । | निरन्तर | निर्देशक, निरिक्षण |
| २.३ | तस्करी, राजस्व अपचलन र अनाधिकृत व्यापार वारेमा तथ्यपरक सूराक दिने सूराकीलाई प्रोत्साहिन गर्ने । | १. सूचना प्राथमिकीकरण, विश्लेषण र सम्भार | १. सुराकीको अभिलेख राखिएको । | निरन्तर | निर्देशक, निरिक्षण |
| | | २. अनाधिकृत व्यापार नियन्त्रणको लागि सूचना अभिलेख प्रयोग । | १. सूराकको आधारमा गरिएका सफल कृयाकलापहरुको संख्या र सो वाट प्राप्त अतिरिक्त राजस्व वा वस्तु जफतको परिमाण । | निरन्तर | निर्देशक, निरिक्षण |
| | | ३. सूराकी भर्नाको नीति विकास गर्ने । | १. नीति स्वीकृत भएको । | २०६६।०६७ | निर्देशक, निरिक्षण |

# ३. राज्यले पाउनु पर्ने सम्पूर्ण राजश्व संकलन गर्ने

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित मिति | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| ३.१ | अधिकतम राजस्व संकलन गर्न विश्व भन्सार संगठनको मूल्यांकन सिद्धान्त अनुसार मूल्यांकन प्रणाली सुदृढ गर्ने । | १. मूल्यांकन तथ्यांक भण्डारलाई आशिकुडा प्रणालीसंग आवद्ध गर्ने विषय अन्तरिम तरिकाका रुपमा अध्ययन गर्ने । | १. दुई प्रणालीमा मिलान गर्न प्रतिवेदन र सुझाव दिईएको । | २०६६।०६७ | UNCTAD |
| | | २. भन्सार विभागमा मुल्यांकन विशेषज्ञ भर्ना गरी जोखिम र तथ्यांकिय छनौट प्रणाली प्रयोग गरी घोषित पैठारी मूल्यको नियमित रुपमा जांच गर्ने । | १. अधिकृतको नियुक्ति भै तदनुरुप प्रकृयाहरु निर्धारण भएको । | २०६६।०६७ | निर्देशक मूल्यांकन र जांचपास पछिको परिक्षण |
| | | ३. मूल्यांकन अधिकृतलाई आसिकुडाको तथांकिय आधार र सान्दर्भिक कागजातमा पहुंच उपलव्ध गराउने । | १. पहुंच उपलव्ध भएको | २०६६।०६७ | निर्देशक सूचना प्रविधि / निर्देशक जांचपास पछिको परिक्षण |
| | | ४. अन्तर्राष्ट्रिय मूल्यसूची सहितको केन्द्रीय मूल्यांकन तथ्यांक भण्डारको विकास र संभार गर्ने र यसमा क्षेत्रीय र स्थानीय तहको पँहुच सुनिश्चित गर्ने । | १. व्यापक क्षेत्र संजाल (WAN) को स्थापना र संचालन ।<br>२. मूल्यांकन तथ्यांकको सफ्टवेयर तयार भएको ।<br>३. मूल्याकंन तथ्यांक अद्यावधिक गरेको संख्या ।<br>४. मासिक रुपमा अन्य भन्सार कार्यालयहरुलाई तथ्यांक सम्प्रेषण गरिएको । | २०६६।०६७ | निर्देशक मूल्यांकन र जांचपास पछिको परिक्षण |
| | | ५. मूल्यांकन र जाँचपास पछिको परिक्षण प्रयोजनको लागि मूल्यांकन निर्देशिकाको विकास गर्ने । | १.मूल्यांकन निर्देशिको वितरण र कायन्वयन गरिएको । | २०६६।०६७ | निर्देशक मूल्यांकन र जांचपास पछिको परिक्षण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६. एकिकृत मूल्यांकन प्रणालीको कार्यान्वयनको लागि प्रमुख भन्सार अधिकृतहरु सम्मिलित ३ वटा राष्ट्रिय अन्तरकृया गोष्टी आयोजना गर्ने । | १. तीन वटा मूल्यांकन गोष्टी आयोजन गरिएको तथा एकिकृत मूल्यांकन प्रणाली कार्यान्वयन भएको । | २०६६।०६७ | निर्देशक मूल्यांकन र जांचपास पछिको परिक्षण |
| | | ७. न्यून मूल्यांकनका वस्तु खरिद सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | १. न्यून मूल्य देखाईएका वस्तु खरिद गरिएको । | निरन्तर | निर्देशक मूल्यांकन र जांचपास पछिको परिक्षण |
| ३.२ | मालवस्तु पैठारीगर्दा न्यूनतम हस्तक्षेप गरी शीध्र जाँचपास गर्ने परिस्थिति सृजना गर्न जोखिममा आधारित जाँचपास पछिको परिक्षण कार्यान्वयन गर्न भन्सार विभागको क्षमतामा अभिबृद्धि गर्ने । | १. जोखिममा आधारित जाँचपास पछिको परिक्षणहरु संचालन गर्ने । | २. २०० वटा जाँचपास पछिको परिक्षण सम्पन्न गरिएको र थप राजस्व प्राप्ति र अन्य बेरुजुहरु अभिलेखन र प्रतिवेदन गरिएको । | २०६६।०६७ | निर्देशक मूल्यांकन र जांचपास पछिको परिक्षण |
| | | २. निम्न व्यवस्थाहरु समेत समावेश हुनेगरि उच्च व्यवस्थापकको नेतृत्वमा एउटा केन्द्रिय जांचपास पछिको परिक्षण कार्यालय (पी.सी. ए. अफिस) स्थापना गरी राष्ट्रिय स्तरमै जांचपास पछिको परिक्षण कार्य संपादन गर्ने :<br>● आवश्यक शिपयुक्त कर्मचारीहरुको व्यवस्था गर्ने ।<br>● सवै कार्य प्रकृयाहरु र कार्य विधिहरु निर्देशिकाद्धारा व्यवस्थित गर्ने ।<br>● अधिकांश परिक्षण पैठारीकर्ताको हाताभित्रै (स्थलगत रुपमा) गर्ने।<br>● परिक्षण कार्यक्रम जोखिममा आधारित हुने ।<br>● नयां अवधारणा अनुसार व्यापारीहरुको सूचना लिने ।<br>● आन्तरिक राजस्व विभागसंग समन्वय गर्ने ।<br>● सवै परिक्षण अधिकृतहरुलाई तालीम दिने। | १. छुट्टै पि.सी.ए.कार्यालय सथापना भएको । | २०६६।०६७ | उप-महानिर्देशक/कार्यटोली |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.३ | भन्सार दरवन्दीले वर्तमान आर्थिक अवस्था र अन्तर्राष्ट्रिय दायित्वलाई संबोधन गर्ने गरी भन्सार दरवन्दीको पुनरावलोकन गर्ने । | १. संयूक्त अध्ययन समूहको गठन । | १. समूहको गठन भएको । | २०६६।०६७ | निर्देशक महसूल |
| | | २. स्वीकृतिको लागि प्रतिवेदन र सुझाव दिने । | २.स्वीकृतिको लागि प्रतिवेदन प्रस्तुत भएको । | २०६६।०६७ | निर्देशक महसूल |
| | | ३. स्वीकृत प्रतिवेदनको कार्यन्वयन गर्ने । | १. स्वीकृत प्रतिवेदन अनुसार दरबन्दी समायोजन गरिएको । | २०६६।०६७ | निर्देशक महसूल |
| | | ४. भन्सार दरवन्दीमा भएको वर्तमान छुट व्यवस्थाको अध्ययन र समिक्षा तथा यसको प्रभावकारी अनुगमन गर्ने । | १. अध्ययन र समिक्षा गएिको । | २०६७/०६८ | निर्देशक महसूल |
| ३.४ | भन्सार जाँचपास प्रकृयामा पूर्वादेश व्यवस्थाको शुरुवात गर्ने । | १. पूर्वादेशको सम्भाव्यताको लेखाजोखा गर्ने । | १. लेखाजोखा गरिएको । | २०६६।०६७ | निर्देशक महसूल |
| | | २. पूर्वादेश क्षेत्रहरुको वारेमा सुझाव दिने । | २. सुझाव दिइएको । | २०६६।०६७ | निर्देशक महसूल |
| | | ३.कानूनमा पूर्वादिश व्यवस्था समावेस गरी सो को कार्यान्वयन गर्ने । | ३.पूर्वादिशसम्बन्धी वाध्यात्मक कानूनी व्यवस्था लागु भएको । | २०६६।०६७ | निर्देशक महसूल |

## ४. सूचना आधार निर्माणको लागि निकासी पैठारी तथ्याङ्क संकलन र प्रशोधन गर्ने

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित मिति | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| ४.१ | सरोकारवालालाई गुणस्तरीय तथ्यांक उपलब्ध गराउने । | १. तथ्यांकको आबश्यकता पुरा गर्न भन्सार तथ्यांक प्रणालीको विकास र स्थापना गर्ने | १ .भन्सार तथ्यांक प्रणाली तयार भएको | २०६६।०६७ | निर्देशक सूचना प्रविधि तथा तथ्यांक शाखा |
| | | २. भन्सार कार्ययलबाट दैनिक बस्तुगत तथ्यांक प्रकाशन । | १. दैनिक प्रतिवेदन प्रकाशित भएको । | निरन्तर | प्रमुख, भन्सार कार्यालय |
| | | ३. मासिक वस्तुगत तथ्यांक प्रकाशन गर्ने र त्यसको भन्सार कार्यलयले विश्लेषण गर्ने । | १.मासिक प्रतिबेदन प्रकाशित भएको । | निरन्तर | प्रमुख, भन्सार कार्यालय |
| | | ४. तोकिएको तालिका अनुसार विभागमा नियमित रुपमा बस्तुगत तथ्यांक संप्रेशण गर्ने | १. वस्तुगत तथ्यांक विभागले प्राप्त गरेको । | निरन्तर | प्रमुख, भन्सार कार्यालय |
| | | ५.वस्तुगत तथ्यांक र वैदेशिक ब्यापार तथ्यांक बार्षिक रुपमा प्रकाशन गर्ने । | १.वस्तुगत तथ्यांक र वैदेशिक ब्यापार तथ्यांक बार्षिक रुपमा प्रकाशित भएको । | निरन्तर | निर्देशक सूचना प्रविधि तथा तथ्यांक शाखा |
| | | ६.तथ्यांक प्रणालीमा सही तथ्यांक प्रविष्ट भईरहेको र यसले राम्ररी काम गरिरहेको यकिन गर्न आवधिक रुपमा नियमित प्रणाली परिक्षण गर्ने । | १. तथ्यांक प्रणालीको नियमित परिक्षण गरिएको तथा गलत तथ्यांक प्रविष्ट भएको पाईएका तथ्यांकमा सुधार गरिएको । | निरन्तर | निर्देशक सूचना प्रविधि तथा तथ्यांक शाखा |

# ५. भन्सार प्रशासन, व्यवस्थापन र पुर्वाधारहरुको आधुनिकीकरण र विकास गर्ने

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित मिति | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| **5=1** | विभागको भूमिकालाई प्रष्ट र पारदर्शी बनाउनको लागि दृष्टिकोण, लक्ष्य र रणनीतिको पुनरावलोकन गर्ने । | १. पुनरावलोकन प्रतिवेदनको समिक्षा गरि सो मा सहमति कायम गर्न उप-महानिर्देशको अध्यक्षतामा समिति गठन गर्ने | १. समिति गठन ।<br>२. पुनरावलोकन प्रकृयाको मस्यौदा । | २०६६।०६७ | महानिर्देशक भन्सार विभाग |
| | | २. प्रथम चरणको मस्यौदा तयार गर्ने | १. मस्यौदा तयार भएको । | २०६६।०६७ | महानिर्देशक अध्यक्ष रहेको समिति |
| | | ३. दृष्टिकोण र लक्ष तय गरी प्रकाशन गर्ने । | १. दुष्टिकोण, लक्ष्य र रणनीनि स्विकृत भई प्रकाशन भएको। | २०६६।०६७ | महानिर्देशक भन्सार विभाग |
| 5=2 | कानूनी प्रश्नहरुको सही व्याख्या र दक्ष कानूनी सल्लाह दिन विभागलाई सक्षम बनाउन विभाग भित्रको कानूनी संयन्त्रमा सुधार गर्ने । | १. कानून शाखा स्थापनाको लागि कार्य विवरण तयार गर्ने र त्यसमा स्वीकृति प्राप्त गर्ने । | १. कार्यविवरणलाई अन्तिम रुप दिई अर्थमन्त्रालयमा पेश गरिएको ।<br>२.नेपाल सरकारवाट वाट स्विकृत भएको । | २०६६।०६७<br>२०६६।०६७ | निर्देशक प्रशासन<br>महानिर्देशक भन्सार विभाग |
| | | २. सुझावहरुको को कार्यान्वयन । | १. कानून शाखा स्थापना भएको । (स्वीकृत भएको भएमा) | २०६६।०६७ | निर्देशक प्रशासन |
| | | ३. माथि उल्लेख भएअनुसार कानूनबिज्ञहरुको नियुक्ति | १. विशेषज्ञ र कानून क्षेत्रका जनशक्ति कार्यरत रहेको । | २०६६।०६७ | निर्देशक प्रशासन |
| 5=3 | विभागको अनुशन्धान र विकास क्षमतामा सुधार गर्ने । | १. भन्सार सुधार तथा आधुनिकीकरण शाखाको कार्यविवरण तयार गर्ने । | १. कार्यविवरणलाई अन्तिम रुप दिई अर्थ मन्त्रालयमा पेश गरिएको।<br>२. अर्थमन्त्रालयवाट स्विकृत भएको। | २०६७/०६८ | निर्देशक प्रशासन |
| | | २. विभागमा भन्सार सुधार तथा आधुनिकीकरण शाखा स्थापना गर्ने । | १. स्विकृत भएको अवस्थामा शाखा स्थापना भएको । | २०६७०६८ | निर्देशक प्रशासन |
| | | ३. विशेषज्ञको नियूक्ति | विशेषज्ञ कार्यरत रहेको । | २०६७०६८ | निर्देशक प्रशासन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४. भन्सार सुधार तथा आधुनिकीकरण शाखाको निर्देशिका तयार गर्ने । | ४. निर्देशिका तयार भएको । | २०६६।०६७ | निर्देशक सूचना प्रविधि |
| | | ५. कर्मचारीलाई अभिमूखिकरण गर्ने तथा सरोकारवर्गलाई जानकारी दिने । | १. चेतना अभिबृद्धि कार्यक्रम विकास गरी संचालन गरिएको। | २०६६।०६७ | निर्देशक सूचना प्रविधि |
| 5=4 | आनुनिक भन्सार प्रशासनको सिद्धान्त अनुरुप भन्सार प्रशासनको व्यवस्थापकीय र नेतृत्व क्षमतामा विकास गर्ने । | १. व्यवस्थापकीय क्षमता विकासको लागि सम्भाव्य श्रोत र दाता पहिचान गर्ने । | १. श्रोत र दाता पत्ता लगाई तालिमको लागि सम्झौता गरिएको । | २०६६।०६७ | निर्देशक, प्रशासन शाखा |
| | | २. विभागको व्यवस्थापन तहलाई आयोजना, परिवर्तन र रणनीतिक व्यवस्थापनको विषयमा आन्तरिक तालिम दिने । | १. तालिम संचालन भएको , संख्याहरु, तालिम प्राप्त कर्मचारीले प्राप्त गरेको अंक र श्रेणी । | २०६६।०६७ | निर्देशक, प्रशासन शाखा |
| | | ३. सुपरिवेक्षक तथा व्यवस्थापकहरुलाई MIS सहितको कार्य संचालन अनुगमन सम्बन्धी तालीम उपलब्ध गराउने । | १. तालीम संचालन भएको । | २०६७/०६८ | निर्देशक, प्रशासन शाखा |
| | | ४. भन्सार प्रशासनमा उत्कृष्ट उदाहरण प्रस्तुत गरेका देशहरुको अवलोकन र अध्ययन भ्रमण | १. सम्भाव्य श्रोतको प्राप्ति तथा सो अनुसार कार्यक्रम तयार भई कार्यान्वयन भएको | २०६६।०६७ | निर्देशक, प्रशासन शाखा |
| | | ५. विभाग भित्र व्यवस्थापन र नेतृत्वको स्थायित्व को लागि आवश्यक कार्यक्रमको प्रारुप तयार गर्ने । | १. विशिष्ट सुझाव सहितको कार्यक्रम तयार भएको ।<br>२. कार्यान्वयन पूरा भएको । | २०६६।०६७ | निर्देशक, प्रशासन शाखा |
| 5=5 | वि.स.२०७० सम्ममा भन्सार प्रशासनको दृष्ट्रिकोण, लक्ष्य र रणनीतिक उद्देश्य पुरा गर्न संगठनात्मक र जनशक्ति सक्षम रहेको सूनिश्चित गर्ने । | १. संगठनात्मक ढाँचा तथा कर्मचारीको आवश्यकताको विस्तृत समिक्षा गर्ने । | १. संगठनात्मक ढाँचाको समिक्षा भएको । | २०६६।०६७ | महानिर्देशक |
| | | २. नयाँ संगठनात्मक ढाँचा तयार गर्ने तथा सो अनुरुपको जनशक्ति आपुर्तिको लागि प्रष्ट कार्यविवरण सहितको संयन्त्र तयार गरी सो मा आवश्यक स्वीकृतिको लागि प्रकृया सुरुवात गर्ने । | १. तयार भएको । | २०६६।०६७ | महानिर्देशक |
| | | ३. स्वीकृत भए अनुरुप नयाँ संगठनात्मक ढाँचा कार्यान्वयनमा ल्याउने । | १. कार्यान्वयन भएको । | २०६६।०६७ | महानिर्देशक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४. भन्सार प्रशासनको विशिष्ट कार्य प्रकृति र दिईएको तालिमको प्रभावकारीता एवं लाभ लागत अनुपातलाई सुनिश्चितताको लागि वर्तमान आलोपालो सरुवा प्रणाली पुनरावलोकन गर्ने । | १. विशिष्ट सुझाव सहितको पूनरावलोकन सम्पन्न गरिएको।<br>२. सम्बद्ध निकायमा स्विकृतिको लागि पेश भएको ।<br>३. स्वीकृति लाई विभागीय नीतिमा समावेश गरिएको । | २०६६।०६७<br>२०६६।०६७<br>२०६६।०६७ | महानिर्देशक<br>महानिर्देशक<br>महानिर्देशक |
| 5=6 | व्यवसायिक कर्मचारीको क्षमता विकास तथा सो को संभार र व्यवसायिक जनशक्तिलाई संगठन भित्र स्थिर राख्नको लागि जनशक्ति विकास योजनाको विकास र कार्यान्वयन गर्ने । | १. सेवाका सर्तहरु तयार गर्ने, सेवा करारवाट वाह्य क्षेत्रका विशेषज्ञ पहिचान गर्ने र कार्य सम्पन्न गराउने । | १. सेवाका सर्त तयार भएको, विशेषज्ञ आवद्ध भई कार्य सुरु गरिएको । | २०६७/०६८ | निर्देशक प्रशासन शाखा |
| | | २. विशेषज्ञ वाट मानव श्रोत योजना प्रस्तुत गरिने | १. मानव श्रोत प्रतिवेदनमा छलफल भई निर्णयको लागि प्रस्तुत गरिएको । | २०६७/०६८ | निर्देशक प्रशासन शाखा |
| | | ३. जनशक्ति विकास योजनाको स्विकृति । | १. अर्थ मन्त्रालयको निर्णय । | २०६८/०६९ | निर्देशक प्रशासन शाखा |
| | | ४. कार्यान्वयन । | १. कार्यान्वयन परिसूचकहरु । | २०६९/०७० | निर्देशक, भन्सार सुधार तथा आधुनिकीकरण र निर्देशक प्रशासन शाखा |
| | | ५. विभिन्न विषयहरु जस्तै मूल्यांकन, जाँचपास पछिको परिक्षण, वस्तु वर्गिकरण, आशिकुडा र यसको कार्य, कार्यप्रकृयाहरु, अनुसन्धान र परिणामको कार्यान्वयन, भारतीय अन्तःशुल्क फिर्ता, जोखिम व्यवस्थापन आदिको तालिम देश भित्रै संचालन गर्ने । | १. सम्पन्न गरिएको तालिमको संख्या । | २०६६।०६७<br>२०६९/०७० निरन्तर | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ६. अन्तर्राष्ट्रिय तालिम विज्ञ र दाता सस्थाहरुलाई सहयोगको लागि अनुरोध गर्ने र तालिममा मनोनयन प्रकृया पारदर्शी गर्ने । | १. दातालाई गरिएको अनुरोध र सो मा प्राप्त भएको जवाफको संख्या । | २०६६।०६७ to २०६९/०७० निरन्तर | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७. स्वायत्त राजश्व वोर्ड अन्तर्गत भन्सार राजश्व सेवाको गठन गर्ने । | १. राजश्व वोर्डको लागि कानून तयार गरी कार्यान्वयन गरिएको । | २०६७/०६८ निरन्तर | निर्देशक प्रशासन शाखा |
| | | ८. पारदर्शी र पूर्वानुमान गर्न सकिने सरुवा तथा बढुवा प्रणाली लागु गर्ने । | १. राजश्व सेवामा सरुवा र बढुवा नीति निर्माण । | २०६६।०६७ | निर्देशक प्रशासन शाखा |
| 5.7 | ***कर्मचारी एवं सरोकारबालाहरुको कार्यसम्पादनमा अभिवृद्धि गर्न आधुनिक एवं प्रभावकारी भन्सार कार्यबातावरण अनुकूल भौतिक पूर्वाधार विकास गर्ने*** | १. भन्सार प्रशासनले प्रयोग गर्ने भौतिक सुविधाहरुको लागि गुरुयोजना विकास गर्ने , | १. गुरुयोजना प्रतिवेदन । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | २. भौतिक सुविधा विकासको लागि आवश्यक कोषको प्रवन्ध गर्ने । | १. कोषको लागि अनुरोध गरिएको र परिणाम प्राप्त भएको । | २०६६/०६७ देखि २०६८/०६९ | निर्देशक प्रशासन शाखा |
| | | ३. जग्गा अधिग्रहण (विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगंज तथा अन्य उपयुक्त स्थानहरुमा) | १. जग्गा अधिग्रहन सम्पन्न भएको । | २०६६/०६७ देखि २०६९/०७० | निर्देशक प्रशासन शाखा |
| | | ४. कार्यालय भवन निर्माण ( मेची, वीरगन्ज, विराटनगर, भैरहवा, रसुवा, ब्रम्हदेव मण्डी, नेपालगंज तथा अन्य उपयुक्त स्थानहरुमा) | १. निर्माण सम्पन्न भएको । | २०६६/०६७ देखि २०६९/०७० | निर्देशक प्रशासन शाखा |
| | | ५. मुख्य भन्सार कार्यालयहरुको भवन र परिसर मर्मत संभार | १. निर्माण सम्पन्न भएको । | २०६६/०६७ देखि २०६९/०७० | निर्देशक प्रशासन शाखा |
| | | ६. यन्त्र उपकरण, सवारी साधन र फर्निचरको आपूर्ति । | १. सवारी साधनहरु तथा फर्निचरहरु खरिद साथै यन्त्र उपकरणहरु खरिद तथा जडान भएको । | २०६६/०६७ देखि २०६९/०७० | निर्देशक प्रशासन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७. एक्सरे मशिन जडान ( भैरहवा र वीरगन्ज भन्सार कार्यालयमा स्क्यानर मेशीन जडान) । | १. जडान सम्पन्न भएको । | २०६६/०६७ देखि २०६९/०७० | निर्देशक प्रशासन शाखा |
| | | ८. मुख्य भन्सार कार्यालयहरुको लागि प्रयोगशालाका औजारहरुको खरिद तथा प्रयोगशाला स्थापना । | १. प्रयोगशाला निर्माण र सामान आपुर्ति भएको । | २०६६/०६७ देखि २०६९/०७० | निर्देशक प्रशासन शाखा |
| 5=8 | पुंजीगत लागानीहरुको लागि विभागसंग पर्याप्त कोषको सुनिश्चितता गर्ने । | १. संगठन र व्यवस्थापन, सूचना प्रविधि जस्ता प्रमूख कार्यहरु सम्बद्ध लगानी को लागि विभागले संकलन गरेको राजश्वको एक निश्चित प्रतिशत खर्च गर्न सक्ने व्यवस्था तयार गरी स्वीकृत गराउने । | १. बजेट वांडफांड भएको ( स्वीकृत भएमा) | २०६६।०६७ | महानिर्देशक |

## रणनीती ६.भन्सार प्रशासन भित्र सत्यनिष्ठाको संस्कृति विकास गर्ने र भ्रष्टाचारलाई परास्त गर्ने आधारहरु पहिचान गर्ने

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित मिति | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| **6=1** | संगठनको लागि लगनशीलता र इमान्दारिताका साथ काम गर्न कर्मचारीको उत्प्रेरण अभिबृद्धि गर्ने । | १. वर्तमान योग्यता प्रणाली न्यायिक र निष्पक्ष भए नभएको यकिन गर्न यसको समिक्षा गर्ने । | १. समिक्षा सम्पन्न भएको तथा यसका सुझावहरु स्विकृतिको लागि प्रस्तुत भएको तथा स्विकृति भए अनुसार कार्यान्वयन गरिएको। | २०६६।०६७ | निर्देशक प्रशासन शाखा |
| | | २. वर्तमान आचारसंहीता र यसको व्यवस्थापन र पालनाको समिक्षा गर्ने । | १. समिक्षा सम्पन्न भई सुझावहरु स्विकृतिको लागि पेश भएको तथा स्विकृति भए अनुसार कार्यान्वयन गरिएको । | २०६६।०६७ | निर्देशक प्रशासन शाखा/निर्देशक निरिक्षण |
| | | ३. वर्तमान सरुवा प्रणाली पारदर्शी र सवैको मूल्य मान्यता अनुरुप भएको प्रत्याभूति गर्न यसको समिक्षा गर्ने । | १. समिक्षा सम्पन्न भई सुझावहरु स्विकृतिको लागि पेश भएको तथा स्विकृति भए अनुसार कार्यान्वयन गरिएको । | २०६६।०६७ | निर्देशक प्रशासन शाखा/निर्देशक निरिक्षण |
| | | ४. भन्सारको सदाचारिता अध्ययन प्रतिवेदनको वर्तमान सान्दर्भिकता को समिक्षा गर्ने । | १. सुझावहरुको कार्यान्वयनको लागि योजना तयार भएको । | २०६६।०६७ | निर्देशक प्रशासन शाखा/निर्देशक निरिक्षण |

रणनीति ७. भन्सारका सम्पर्ण प्रकृयाहरुलाई अधिकतम स्वचालित गर्ने,

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित मिति | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| 7=1 | ***विराटनगर घोषणा पत्र र कोरियाको CUPIA वाट सम्पनन विदुतिय भन्सार प्रणालीको पूर्व सम्भाव्यता अध्ययनको सन्दर्भमा गुरुयोजना विकास गर्ने ।*** | १. उपयुक्त विशेषज्ञहरुको सहयोगमा विद्युतीय गुरुयोजना विकास गर्न कार्य समुहको निर्माण गर्ने । | १. कार्य समुह वनेको ।<br>२. विशेषज्ञको छनौट भएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | २. भन्सारको लागि विद्युतिय भन्सार गुरुयोजना तयार गर्ने । | १. विद्युतिय भन्सार गुरुयोजना तयार भएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ३. गुरुयोजनावाट निर्देशित कृयाकलापहरु कार्यान्वयन गर्ने । | १. सहमति वमोजिमका कृयाकलापहरु निर्धारित समय सिमा भित्र कार्यन्वयन भएको । | निर्धारण गरिएको समयसीमा अनुसार | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| 7=2 | ***LAN/WAN र Internet मार्फत सूचना आदानप्रदान गर्ने कार्यलाई प्रवद्धन गर्ने ।*** | १. नियमित वेवसाईट अपडेट गर्ने । | १. वेवसाईट अपडेट गरिएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | २. LAN र WAN प्रणाली स्थापना गर्ने । | १. LAN/WAN संचालन भएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ३. एकीकृत सर्भरको स्थापना र ज्यवस्थापन गरी केन्द्रिय डाटावेश संग आवद्ध गर्ने । | १. भन्सार विभागमा एकिकृत तथ्यांकआधार । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा / UNCTAD |
| | | ४. अर्थ मन्त्रालय अन्तरगत सूचना आदान प्रदान गर्न संयन्त्रको विबकास गर्ने । | १. अर्थ मन्त्रालय अन्तरगत सूचना आदान प्रदान गर्न संयन्त्रको विबकास भै संचालनमा आएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ५. आन्तरीक र वाहय सरोकारवालाहरुवीच विद्युतिय सूचना आनदान प्रदान गर्ने संगन्त्रको | १. विकास गरी लागु गरिएको । | २०६७/०६८ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकास गरि लागु गर्ने । | | | |
| **7=3** | ***जोखिम व्यवस्थापन ईकाइको गठन गर्ने र ASYCUDA system को सेलेक्टीभिटि (छनौट प्रणाली ) मोडुलको कार्यन्वयन गर्ने ।*** | १. जोखिम व्यवस्थापन समिति । ईकाई निर्माण गर्ने । | १. जोखिम व्यवस्थापन समिति। ईकाइ निर्माण । | २०६६।०६७ | महानिर्देशक |
| | | २. विशेषज्ञको सहयोगमा छनौट प्रणालीको सूचकांक र आधार निर्माण । | १. उपर्युक्त विशेषज्ञको छनौट । | २०६६।०६७ | निर्देशक मूल्यांकन तथा निर्देशक परिक्षण |
| | | ३. जोखिम व्यवस्थापनको लागि सन्दर्भ तथ्यांक भण्डार र जोखिम संयन्त्रको विकास । | १. छनौट सूचकांकहरु तथा आधारहरु तयार गरिएको । | २०६६।०६७ | निर्देशक मूल्यांकन तथा निर्देशक परिक्षण |
| | | ४. छनौट प्रणाली कार्यन्वयन । | १. सन्दर्भ तथ्यांक भण्डार तयार गरिएको ।<br>२. छनौट प्रणली कार्यन्वयन भएको । | २०६६।०६७ | निर्देशक मूल्यांकन तथा निर्देशक परिक्षण |
| | | ५. जोखिम व्यवस्थापन सम्बन्धी सिद्धान्तहरुको प्रयोग गरेर समग्र भन्सार नियन्त्रण संरचनाको पुनरावलोकन गर्ने । | १. पुनरावलोकन सम्पन्न भएको र समयमै कार्यन्वयनको लागि कार्य योजना तयार भएको । | २०६६।०६७ | ि निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| **7=4** | ***सवै भन्सार प्रकृयाहरुको स्वचालीकरण । (कम्प्युटरकृत)*** | १. सूचना प्रविधि शखाको क्षमता अभिवृद्धि र विशेषज्ञताको विकास । | १. कार्यान्वयन भएको | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | २. अन्य नमूना सहित आसिकुडाको क्षेत्र पुनरावलोकन गर्ने । | १. पुनरावलोकन भएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ३. कर्मचारीहरु तथा सरोकारवालाहरुलाई कम्प्युटर तालीम | १.तालीम प्रदान गरिएको । | निरन्तर | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ४. भन्सार विभाग र कार्यालयहरुमा कम्प्युटर तथा सम्बन्धित उपकरणहरु उपलव्ध गराउने । | १. कम्प्युटर तथा सम्बन्धित उपकरणहरु खरिद गरि उपलव्ध गराईएको । | निरन्तर | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५. सवै भन्सारका प्रकृया समेटने कम्प्यूटर सफ्टवेयर निर्माण गर्ने । | १. उपयुक्त कम्प्युटर सफ्टवेर को विकास गरि जडान गरिएको । | २०६९/०७० | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ६. व्यवस्थापन सूचना प्रणली र कार्यगत कार्य संपादन अनुगमन प्रणली स्थापना गर्ने । | १. व्यवस्थापन सूचना प्रणाली तयार गरिएको र कार्यगत कार्य संपादन अनुगमन प्रणली कार्यन्वयन भएको | २०६९/०७० | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| 7=5 | ***उपुक्त सूचना तथा संचार प्रविधिको पूवाधार विकास गर्ने ।*** | १. भौतिक र सूचना तथा संचार पुर्वाधारको मूल्यांकन गर्ने । | १. निर्धारित प्रतिवेदन वुझाईएको | निरन्तर | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | २. भौतिक पुर्वाधार तथा उपकरणहरुको सूची र विवरण तयार गर्ने । | १. करार प्रक्रिया शुरु भएको । | निरन्तर | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ३. सूचना तथा संचार प्रविधिको प्रयोग (एकद्धार प्रणाली समेत) को लागि उपयुक्त भौतिक पर्वाधारको विकास गर्ने । | १. उपयुक्त भौतिक पर्वाधारको विकास भएको । | निरन्तर | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| 7=6 | ***एकद्धार प्रणालीको विकास गर्ने ।*** | १. एकद्धार प्रणालीको विकासमा सहयोग गर्न सक्षम विशेषज्ञलाई अनुरोध गर्ने । | १. विशेषज्ञ छनौट भएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | २. अन्य सरोकार वाला हरुलाई एकद्धार प्रणाली संग आवद्ध गर्न प्रणालीमा सुधार गर्ने | १. अध्ययन पुरा भएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ३. एकद्धार प्रणालीको स्थापना र संचालन गर्ने । | १. सवै सरोकारवालाहरुको प्रणाली सुधार भएको ।<br>२. एकद्धार प्रणाली स्थापना भएको ।<br>३. एकद्धार प्रणाली संचालन भएको । | २०६८/०६९<br>२०६८/०६९<br>२०६९/०७० | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |

## रणनीति ८ : दक्ष र सुधारीएको यात्रु जाँचपास प्रणाली स्थापना गर्ने

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित मिति | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| 8=1 | **विमानस्थल र अन्य मुख्य भन्सार कार्यालयहरुमा यात्रु जाँचपास प्रणाली स्थापना र संचालन गर्ने ।** | १. त्रिभूवन विमानस्थल तथा अन्य मुख्य ६ वटा भन्सार कार्यालयहरुको वर्तमान पुर्वाधारहरु र प्रकृयाको अध्ययन र समिक्षा गर्ने । | १. अध्ययन सम्पन्न भएको | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | २. समिक्षाको आधारमा आधुनिकीकरणको कार्ययोजना तयार गर्ने । | १. यात्रु जाँचपासको कार्ययोजना सम्पन्न भएको । | २०६६।०६७ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |
| | | ३. सुधार एजेण्डाहरुको कार्यान्वयन गर्ने । | १. कार्ययोजना लागु भएको | २०६८/०६९ | निर्देशक भन्सार सुधार तथा आधुनिकीकरण शाखा |

रणनीति ९. भन्सारका गतिविधिहरुलाई आन्तरिक र वाह्य स्तरमा प्रवाह गरी सरोकारबालाहरुवीच आपसी सहयोगात्मक भावना अभिवृद्धि गर्ने,

| सि.न | उद्धेश्य | कृयाकलापहरु | कार्यसंपादन सूचकांक | लक्षित मिति | उत्तरदायी पदाधिकारी |
|---|---|---|---|---|---|
| 9=1 | **भन्सार प्रशासन र सरोकारवाला बीच सुदृढ संचार प्रणालीको विकास गर्ने ।** | १. जनससम्पर्क र संचार नीति तयार गरी कार्यान्वयनमा ल्याउने । | १. संचार तथा जनसम्पर्क नीति कार्यान्वयन भएको। | २०६६।०६७ | निर्देशक प्रशासन |
| | | २. जनसरोकार भएका कानून तथा अन्य सम्बन्धीत व्यस्थावारेका कागजातहरु पुस्तिका,वेवसाईटमा (अंग्रेजीमा समेत) प्रकाशित गर्ने | १. पुस्तकको रुपमा र वेवसाईट दुवैमा प्रकाशित भएको । | २०६६।०६७ | निर्देशक प्रशासन |
| | | ३. सरोकारवर्गको गुनासो सुनी त्यसको समाधान गर्ने र सो को लागि उनीहरुसंग छलफल गर्ने संयन्त्र स्थापना गर्ने । | १. स्थापना भएको । | २०६६।०६७ | निर्देशक प्रशासन |
| 9=2 | **भन्सार सम्बन्धि कानूनी प्रावधान र अन्य पक्षहरुमा भन्सार एजेन्टको क्षमता अभिबृद्धि गर्ने ।** | १. पारदर्शी भन्सार एजेन्ट कार्यविधि तयार गर्ने | १. भन्सार एजेन्ट कार्यविधि तयार भएको । | २०६६।०६७ | निर्देशक प्रशासन/निर्देशक निरीक्षण |
| | | २. तालिम संचालनको समय तालीका (क्यालेण्डर) तयार गर्ने र | १. तालिम कार्य तालिका तयार भएको । | २०६६।०६७ | निर्देशक प्रशासन/निर्देशक निरीक्षण |
| | | ३. तालिम निर्देशिका तयार गर्ने | १. तालिम निर्देशिका तयार भएको । | २०६६।०६७ | निर्देशक प्रशासन/निर्देशक निरीक्षण |
| | | ४. स्थानीय र केन्द्रीय स्तरमा तालिम संचालन गर्ने । | १. सम्पन्न गरिएको तालिमको संख्या । | २०६६।०६७ | निर्देशक प्रशासन/निर्देशक निरीक्षण |
| 9=3 | **अन्य देशका भन्सार कार्यालयहरु, मूख्य व्यापारीक राष्ट्र तथा** | १. वाह्य व्यापार सम्बन्ध डेक्सलाई बलियो बनाउने । | १. कर्मचारी सहितको छुट्टै डेस्कको स्थापना भएको । | २०६६।०६७ | निर्देशक प्रशासन/अर्थ मन्त्रालय |

| | | | | | |
|---|---|---|---|---|---|
| | **अन्तर्राष्ट्रिय संगठनहरुसंग को सम्बन्ध सुधार गर्ने ।** | २. गन्तव्य/छिमेकी देशहरु संग भएका तथा अन्य क्षेत्रीय तथा बहुपक्षिय भन्सार सहयोग सम्झौता अनुरुपका कार्यका लागि अध्ययन गरी सुझाव दिने । | १. अध्ययन सम्पन्न भई सुझाव प्रस्तुत भएको । | २०६६।०६७ | निर्देशक प्रशासन/अर्थ मन्त्रालय |
| | | ३. बन्दरगाह तथा सुख्खा बन्दरगाहमा सुधार, मल्टीमोडेल ट्रान्सपोर्ट सुविधा, सिमा निकायहरुमा समन्वय, भन्सार हार्मोनाईजेसन, आदिको कारणले ढुवानी खर्चमा भएको कटौतीलाई समायोजन गर्न सन्धी, सम्झौता, समझदारीपत्रका प्रावधानहरुमा सम्सोधन गर्ने | १. सन्धी तथा समझदारीपत्रहरुमा समायोजन गरिएको।<br><br>२. परिवर्तनहरु आत्मसाथ गर्न कार्यविधि स्थापित गरिएको । | २०६८/०६९<br><br>२०६९/०७० | निर्देशक प्रशासन/अर्थ मन्त्रालय |